# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ६४**
**(मिति: २०७८/०५/१३)**

विषय:-

१. पारमाणविक अस्त्र निषेध सम्बन्धी महासन्धि (TREATY ON THE PROHIBITION OF NUCLEAR WEAPONS) सम्बन्धमा ।
२. विविध ।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्यालसँग पारमाणविक अस्त्र निषेध सम्बन्धी महासन्धि (TREATY ON THE PROHIBITION OF NUCLEAR WEAPONS) एवं विविध विषयका सम्बन्धमा छलफल भयो । उक्त छलफलका क्रममा परराष्ट्र मन्त्रालयका सचिवले उल्लेखित सन्धि सन् २०२१ देखि कार्यान्वयनमा आइसकेको अवस्थामा नेपाल समेत यस सन्धिको पक्ष राष्ट्र बन्दा नै नेपालको ख्याति कायम रहिरहने लगायतका धारणा राख्नुभयो । साथै राष्ट्र निर्माण मञ्च, नेपाल (Forum for Nation Building Nepal) का अध्यक्ष श्री निर्मल कुमार उप्रेतिले यस सन्धिको अनुमोदन आवश्यकताका सम्बन्धमा प्रस्तुतिकरण दिंदै सो क्रममा यस सन्धि के हो ?, यदि परमाणु हतियार भएका कुनैपनि मुलुकहरु यो सन्धिमा सामेल भएनन् भने यसले के फरक पार्छ ?, परमाणु हतियारमा किन प्रतिबन्ध लगाउनुपर्छ ?, परमाणु हतियारमा विश्वमा के कति लगानी भइरहेका छन् ?, विश्वभर के कति र के कस्ता परमाणु हतियार छन् ?, परमाणु हतियारको उन्मुलनमा International Campaign to Abolish Nuclear Weapons (ICAN) को भूमिका के छ ?, विश्वभर र नेपालमा यस सन्धिको कार्यान्वयनको प्रगति अवस्था कस्तो छ ? भन्ने लगायतका विषयहरु प्रस्तुत गर्नुभयो र यस सन्धिलाई नेपालले शिघ्र अनुमोदन गर्दै विभिन्न द्विपक्षीय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय बैठक एवं फोरमहरुमा आवाज उठाउनुपर्ने र वार्ता गर्नुपर्ने लगायतका धारणाहरु राख्नुभयो । यसै सम्बन्धमा समितिका माननीय सदस्यहरुले नेपालजस्तो शान्तिमय मुलुकका लागि यस सन्धि अति आवश्यक/ हितदायी रहेकाले यस सन्धिलाई स्वीकार एवं अनुमोदन गर्नका लागि समितिले सरकारको ध्यानाकर्षण गराउनुपर्ने लगायतका राय, सुझाव एवं धारणाहरु व्यक्त गर्नुभयो ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।